मिति २०७९।०९।१४ गते राष्ट्रिय किसान आयोगको आयोजनामा **"सरोकारवाला निकायहरु (किसान संघ, संस्था, संजाल तथा पेशागत संघ संगठन)** सँग बैठक तथा अन्तरक्रिया कार्यक्रम राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूको अध्यक्षतामा आयोगका नि. सदस्य सचिव श्री दुर्गा प्रसाद पण्डितज्यूले कार्यक्रम संचालन गर्नु भएको थियो। उक्त कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरु, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, कृषि विभाग, पशु सेवा विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, राष्ट्रिय आलु, तरकारी तथा मसलावाली विकास केन्द्र, ब्यवसायिक कीट विकास केन्द्र, केन्द्रिय कृषि प्रयोगशाला, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, राष्ट्रिय फलफूल विकास केन्द्र, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (PMAMP), नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP), खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (FANSEP), ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना (REED), कृषि क्षेत्र विकास कार्यक्रम, (ASDP), समुदायमा ब्यवस्थीत सिंचित कृषि क्षेत्र आयोजना (CMIASP-AF), कृषि ज्ञान केन्द्र, विभिन्न संघ/संगठनका प्रतिनिधिहरु, किसान प्रतिनिधिहरु, पत्रकार एवं कर्मचारीहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सह-सचिव डा. राजेन्द्र प्रसाद मिश्रज्यूले **"कृषि विकास रणनीति: कार्यान्वयन समिक्षा"** सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भयो भने विभिन्न संघ/संगठनका प्रतिनिधिज्यूहरुले कार्यपत्रमा प्रस्तुत भएको विषयमा बिभिन्न जिज्ञासा एवं सुझाव राख्नु भयो र सहभागीहरुको जिज्ञासालाई डा. राजेन्द्र प्रसाद मिश्रज्यूले थप स्पष्ट पार्नु भयो ।

बैठक तथा अन्तक्रिया कार्यक्रमका अध्यक्ष एंव राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूले कृषिबाट रोजगारी श्रृजना, आयात प्रतिस्थापन, आत्मनिर्भरता, कृषि ब्यवसाय प्रवर्द्धन, कृषि क्षेत्रको विकास गर्न प्राविधिक दरबन्दी पूरा गरिनु पर्ने, सुशासन प्रवर्द्धन गर्न राष्ट्रिय किसान संजाललाई सकृय बनाई संयुक्त रुपमा कार्यक्रम अनुगमन गरिनु पर्ने कुरामा जोड दिदैं सहभागीहरुलाई धन्यवाद दिई कार्यक्रमको समापन गर्नु भयो।


कृषि विकास रणनीतिः कार्यान्वयन स
डा. राजेन्द्र प्रसाद मिश्र
सहसचिव
कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार का
सदस्य


सदस्य
सदस्य
BAGMATI SWEETS
PVT. LTD.


कृषि विकास रणनीतिको कार्यान्वयन अवस्था
नीति तथा कानुनहरूको तर्जुमा
संस्थागत संरचनाहरूको विकास
सूचक अनुसार हासिल प्रतिफल






सदस्य